# मानव अधिकार अवस्था

## मे देखि अगष्ट

## २०१२

**हिमराइट्स लाइफ लाइन एक चिनारी** मिति : ११ सेप्टेम्बर २०१२

मानव अधिकारको क्षेत्रमा कार्यरत संस्था हिमालयन ह्युमन राइट्स मोनिटर्स (हिमराइट्स) ले गम्भीर प्रकृतिका मानव अधिकार उल्लंघनविरुद्ध मानवीय मूल्य मान्यताको संरक्षण गर्न लाइफलाइन जीवन जोगाउ अभियान प्रारम्भ गरेको थियो । यो अभियानले सशस्त्र द्वन्द्वको कारणबाट भएको मानव अधिकार उल्लंघनविरुद्ध खबरदारी गर्नुका साथै यसले आफूलाई मानव अधिकार रक्षकहरुको पंक्तिमा उभ्याएको थियो । यस अभियानको क्रममा हिमराइट्सले पीडकविरुद्ध उजुरी गर्न सक्ने, पीडाहरु साटासाट गर्ने, बेपत्ता पारिएकाहरुको खोजी गर्ने, उद्धार तथा रिहाइ गर्ने जस्ता महत्वपूर्ण कामहरु गरेको थियो ।

यसरी हिमराइट्स लाइफलाइनले संक्रमणकालिन अवस्थामा पनि मानव अधिकार उल्लंघनका घटनाहरुलाई अनुगमन गरी प्रतिवेदन तयार गर्ने कामलाई निरन्तरता दिंदै आएको छ । यसै क्रममा यसले मानव अधिकार उल्लंघनका घटनाहरुको सत्य तथ्य पत्ता लगाउने, पीडितहरुको पक्षमा आवाज उठाउने तथा मानव अधिकार उल्लंघनविरुद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरुमा समेत वकालत गर्दै आएको छ ।

हिमराइट्सको क्षेत्रीय, जिल्ला कार्यालयहरु तथा सम्पर्क व्यक्तिहरुको माध्यमबाट संकलित मानव अधिकार, महिला अधिकार तथा बाल अधिकार विरुद्धमा भएका घटनाहरुको सत्यतथ्य सूचनाहरु संकलन गरी मानव अधिकारको अवस्थाको बारेमा सु-सूचित गर्ने काम गर्दै आइरहेको छ ।

## चार महिनाका प्रमुख घटनाहरु :

१) २७ अप्रिल २०१२ मा राज्य पुनर्संरचना गर्दा सुदुर पश्चिमको भौगोलिक संरचना यथावत राख्न अर्थात् अखण्ड सुदूर पश्चिमको माग गर्दै संयुक्त लोकतान्त्रिक परिवेश नेपाल, सुदूरपश्चिम जागरण मञ्च नेपाल, सुदूरपश्चिम एकता समाज ,नागरिक समाज तथा विभिन्न राजनीतिक दलसँग आवद्ध विभिन्न संघसंगठनद्वारा १६ मे २०१२ सम्म बन्द भएको ।

२) १ मे २०१२ मा जनकपुरको रामानन्द चोकमा मिथिला राज्यको माग गर्दै मिथिला राज्य संघर्ष समितीद्वारा आयोजित शान्तिपूर्ण धर्नामा सहभागी भइरहेका व्यक्तिलाई लक्षित गरी गरिएको बम विष्फोटनमा परी ५ जनाको मृत्यु हुनुका साथै ३१ जना घाइते भएका ।

३) ८ मे २०१२ देखि शुल्क बृद्धिको विरोधमा विद्यार्थी संगठनहरुले चितवनका निजी विद्यालयहरु अनिश्चितकालीन बन्द गरेको । नयाँ शैक्षिक सत्रदेखि भर्ना शुल्क र मासिक शुल्कमा बृद्धि गरेको भन्दै निजी विद्यालय बन्द हुँदा हजारौं विद्यार्थीहरुको पठनपाठन कार्य प्रभावित भएको ।

४) १० मे २०१२ देखि वीरगञ्जलाई प्रादेशिक राजधानी बनाउन माग गर्दै सर्वदलीय सर्वपक्षीय संयुक्त संघर्ष समितीद्वारा बन्दको आव्हान गरेको ।

५) १० देखि ११ मे २०१२ मा क्षेत्री ब्राम्हण, दसनामी, ठकुरी लगायतका समूहले आफूहरुलाई आदिवासीको सूचिमा सुचिकृत गर्नु पर्ने माग राखी गरेको २ दिने नेपाल बन्दको कारण जनजीवन प्रभावित भएको ।

६) १० मे २०१२ मा बर्दिया जिल्ला गुलरिया नपा १ खैरपुर स्थित विकास रानाको घरमा रहेको पाउरोटी उद्योगमा अज्ञात समूहद्वारा गराएको बम विष्फोटनबाट भौतिक रुपमा क्षति भएको छ भने मानवीय क्षति भने नभएको ।

७) १० मे २०१२ देखि अखण्ड मध्य पश्चिमको माग गर्दै विभिन्न समूह र संगठनद्वारा बन्दको आव्हान गरिरहेका बेला थारु संघर्ष समिती र नेपाल आदिवासी जनजाति महासंघद्वारा चितवनदेखि कञ्चनपुरसम्म थारुहट स्वात्तय राज्य हुनु पर्ने र जेठ १४ मै संविधान जारी हुनु पर्ने माग गर्दै १४ मे २०१२ देखि १८ मे २०१२ सम्म बन्दको आव्हान गरिएको ।

८) ११ मे २०१२ मा सिराहा जिल्ला चन्द्रउदयपुर गाविस ४ की ४५ बर्षीया आशा देवी मुखियालाई बोक्सीको आरोपमा उनकै आफन्तहरु ५० बर्षीय जीतन मुखिया २० बर्षीय पसिन्द्र मुखियाले कुटपिट गरेको ।

९) १३ मे २०१२ मा सिराहा जिल्ला पोरताह गाविस २ का दशैया महतोका छोरा १४ बर्षीया दिनेश महतोको हत्या गरिएको अवस्थामा गाढा गाविस ५ मा शव फेला परेको ।

१०) १३ मे २०१२ मा सिराहा जिल्ला पडरिया गाविस ४ मा रहेको पशुपति सेलर मिलमा अज्ञात समूहद्वारा सकेट बम विष्फोटन गराएको । मोटरसाइकलमा आएका तीन जनाको समूहले झ्यालबाट बम फालेर भागेका थिए । फालेको केही बेरमा बम बिष्फोटन भएको तर मानविय क्षति भने नभएको ।

११) १२ मे २०१२ काठमाण्डौ, विजेश्वरीकी रुवी तण्डुकारले माइतबाट दाइजो नल्याएको कारण उनका श्रीमान् प्रशान्त तण्डुकारलगायत् परिवारका सदस्यहरुबाट दिइएको यातना सहन नसकी २०६९ बैशाख ३० गते -मे १२ २०१२ ) दिउँसो २ बजे कोठाको पंखामा सलको पासो लगाई आत्महत्या गरेको । २०६३ मा प्रशान्तसँग प्रेमविवाह गरी विवाह बन्धनमा बाँधिएकी रुवीलाई प्रशान्तले आत्महत्या गरेको दिनको अघिल्लो दिन कुटपिट गरेका थिए ।

१२ ) १३ मे २०१२ मा ठूला राजनीतिक दलसँग भएको २२ बुँदे तथा ८ बुँदे सम्झौता पुर्ण रुपमा कार्यान्वयन हुनु पर्ने माग राखेर मधेशी जनअधिकार फोरमले तराईलगायत्का जिल्लाहरुमा गरेको १ दिने बन्दको कारणबाट जनजिवन प्रभावित भएको ।

१३) २९ मे २०१२ मा नेपाल रेल्वेका महाप्रवन्धक सुरेश प्रसाद यादवलाई धनुषाको तारापट्टी सिरसिया स्थित आफ्नै घरमा छिमेकीहरुसँग कुरा गरिरहेको अवस्थामा २० जनाको हतियारधारी समूहले गोली हानी हत्या गरेको ।

१४) ३१ मे २०१२ मा सर्वोच्च अदालतका न्यायाधीश रणबहादुर बमको अज्ञात समूहको गोली प्रहारबाट हत्या गरिएको । बंगलामुखी मन्दिरमा दर्शन गरी कार्यालय तर्फ आउँदै गरेका न्यायधीश बममाथि राजधानीको शंखमुल स्थित युएन पार्क नजिकै गोली प्रहार भएको थियो । बा ८ च ९८५३ नम्बरको सेतो कारमा चढेका बममाथि कालो पल्सरमा आएका हत्यारधारी समूहले उनी र उनका अंगरक्षक माथि गोली प्रहार गरेका थिए । गोलीप्रहारबाट सख्त घाइते भएका न्यायाधीश बमको उपचारको क्रममा राजधानी स्थित नर्भिक अस्पतालतमा मृत्यु भएको थियो ।

१५) २ जुन २०१२ मा बझाङ जिल्ला स्थित स्याँडी गाविस ३ मा दुई दाजुभाइ गगन विक र वीरजित विक वीच भएको जग्गा विवादले उग्ररुप लिंदा दुवै पक्षका ६ जना बालबालिका सहित ७ जनाको हत्या भएको छ । साँझ ६ बजे तिर भएको उक्त झगडामा दुवै पक्षबाट चक्कु बासुलो लगायतका हतियार प्रयोग भएको थियो । उक्त घटनामा परी गगन विक की ३ बर्षिया छोरी पवित्रा, ४ बर्षिया छोरा पवन ,मृत्यु भएको छ भने बीरजितकी ३५ बर्षिया श्रीमती झाक्री देवी विक, २ बर्षीया छोरी लक्ष्मी विक, ९ बर्षिया छोरा राजेन्द्र विक, ८ बर्षिया छोरा करन विक, र ४ बर्षिया छोरा केशव विकको हत्या भएको ।

१६) १२ जुन २०१२ मा नवलपरासी दाउन्ने देवी गाविस ३ धर्मावस्ती निवासी ७३ बर्षिया बृद्धालाई सोही ठाँउ बस्ने ६० बर्षिया इन्द्र बहादुर गाहले राती सुतिरहेको अवस्थामा बलात्कार गरेको ।

१७) १८ जुन२०१२ मा कुरुलेतेनुपा गाविस २ बन्दुके डाँडाकी ९ बर्षीया बालिकालाई उनकै बाबु ४५ बर्षिया मोहन सिहं याख्खाद्वारा बलात्कार गरेको ।

१८) ५ जुलाई २०१२ मा रौतहट जिल्लाको गौर चन्द्रनिगाहपुर सडक खण्डमा प्रहरीविरुद्ध प्रदर्शनमा उत्रिएका स्थानीयवासी र सुरक्षाकर्मी बीच झडप हुँदा प्रहरीको गोली लागी महमदपुर-६ लक्ष्मीपुरका २७ बर्षीया रमोद शाहको मृत्यु हुनका साथै प्रहरीसहित १६ जना प्रदर्शनकारीहरु घाइते भएका । गत २८ जुन २०१२ मा झाझपुलमा भएको टयाक्टर दुर्घटनामा प्रहरीले अर्का टयाक्टर धनीलाई फँसाएको भन्दै स्थानीय बासिन्दा विरोधमा उत्रिएका थिए । प्रदर्शनकारीलाई तितरवितर पार्न प्रहरीले झण्डै २२ राउण्ड हवाइ फायर र अश्रु ग्यास प्रहार गरेका थिए ।

१९) २० जुलाई २०१२ मा दैलेख बराह गाविसकी सुस्त मनस्थिति र शारीरिक अपाङ्ग भएकी एक बालिकालाई उनकै फुपाजु पर्ने खड्गवाडा गाविसका ४५ बर्षीया विर्ख बहादुर विकले बलात्कार गरेको ।

२०)  २३ जुलाई २०१२ मा नेकपा - माओवादीको भातृसंगठन अखिल क्रान्तिकारीका कार्यकर्ताहरुले धरान स्थित दिल्ली पब्लिक उच्च माविका विद्यार्थी चढेको ना १ ख ३२०४ नं. को बसमा पेट्रोल छर्केर आगो लगाएका थिए । बिहान साढे ७ बजे तिर विराटनगर इटहरी र दुहवीबाट विद्यार्थी बोकेर आउँदै गरेको उक्त बसलाई अखिल क्रान्तिकारीका कार्यकर्ताहरुले कोसी राजमार्गमा पर्ने सेउती खोला नजिक चारकोशे झाडीमा आक्रमण गरेका थिए । आगजनीबाट उक्त बस क्षतिग्रस्त भएको छ भने अर्को ना १ ख ३२०४ नम्बरको बस पनि क्षतिग्रस्त भएको थियो ।

२१) २६ जुलाई २०१२ मा नवलपरासी जिल्ला रामग्राम नगरपालिका १ सण्डा निवासी ७ बर्षीया बालिकालाई सोही ठाँउ निवासी १८ बर्षीय युवकले आफ्नै घरमा बलात्कार गरेको ।

२२) २९ जुलाई २०१२ बाराको गाविस विश्रामपुर वडा नं.३ मुसहर्वा टोलमा बस्ने वर्ष २२ की बिन्ती देवी साहको श्रीमान् सन्तोष साह र ससुरा शिवलाल साहको कुटपिटबाट मृत्यु भएको । निज विन्तीदेवी शाहलाई उनका घरका सदस्यहरुले पटक पटक शारीरिक तथा मानसिक यातना दिदै आएका थिए । सोही दिनको ११:३० बजे हत्या गरिएकी बिन्ती शाहको शव जलाइरहेको अवस्थामा छिमेकीहरुले फेला पारेर प्रहरीलाई खबर गरेका थिए ।

२३) ३० जुलाई २०१२ मा कास्की जिल्ला पोखरा उपमहानगरपालिका - १६ घर भई भक्तपुर कौशलटार बस्दै आएका मानवअधिकार तथा शान्ति समाज भक्तपुरका अध्यक्ष ३० वर्षीय सुजन पौड्यालको अज्ञात समूहद्वारा हत्या गरेका अवस्थामा शव प्राप्त भएको ।

२४) २ अगष्ट २०१२ मा मकवानपुर स्थित नामाटार गाविस वडा नं ७ र ९ को बीचमा पर्ने स्यामराङमा प्रेशर कुकर बम विष्फोटन भएको । विष्फोटनबाट मानवीय क्षति नभएको ।

२५) ४ अगष्ट २०१२ मा सिन्धुपाल्चोक स्थित थुम्पाखर गाविस ८ निवासी ८२ बर्षीया न्याउली तामाङ्ग घरमा सुतिरहेको अवस्थामा अज्ञात समूहद्वारा खुकुरी प्रहार गरी हत्या गरिएको ।

२६) ५ अगष्ट २०१२ देखि १० सम्म एमाले निकट युवा संघले राष्ट्रिय सहमतीको सरकार गठन लगायतको माग राख्दै बिहान ६ बजे देखि १० गतेसम्म गरेको बन्दको कारण उपत्यका लगायत अन्य स्थानको जनजीवन प्रभावित भएको । बन्दबाट बिहानी कक्षा हुने सम्पूर्ण विद्यालय कलेजलगायत्का शैक्षिक संस्थाहरु पूर्ण रुपमा प्रभावित भएका थिए ।

२७) ६ अगष्ट २०१२ मा राष्ट्रिय जनमुक्ति मोर्चा निकट लिम्बुवान राज्य परिषदले लिम्बुवान खोसिएको कालो दिन भन्दै गरेको बन्दको कारण पूर्वका ९ जिल्ला प्रभावित भएको ।

२८) ८ अगष्ट २०१२ मा बाँके नेपालगञ्ज स्थित बागेश्वरी उच्च माविको भे १ ख ७२९ नम्बरको स्कुल बसलाई नेकपा - माओबादी निकट अनेरास्ववियु क्रान्तिकारीका कार्यकर्ताले तोडफोड गरी उक्त बसमा क्षति पु-याएको । विद्यालयबाट बालबालिका लिन गइरहेको बसमाथि क्रान्तिकारीका कार्यकर्ताले बिहान ८: ३० बजे तोडफोड गरेका थिए ।

२९) ९ अगष्ट २०१२ मा सिराहाको लहान स्थित खड्का होटलमा अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताद्वारा बम विष्फोटन गराइएको । उक्त विष्फोटन होटलको काउण्टरमा गराइए पनि त्यसबाट केही भौतिक क्षति मात्र भएको ।

३०) ९ अगष्ट २०१२ मा धनुषा बसहिया ९ निवासी रिनाकुमारीलाई थप दाइजो नल्याएको भन्दै उनका सासू ससुरा जेठाजु जेठानी र श्रीमान्लगायत्का घरका परिवारले आगो लगाई हत्या प्रयास गरेका थिए। ससुरा गणेश साह, सासू सुफुलिया भन्ने अनिता देवी जेठाजु द्वय दिलिप शाह र प्रदिप शाह र जेठानी अनिता देवी र बेचनी देवी तथा श्रीमान् मुन्ना भनिने मनोज कुमार शाहले घरको कोठामा चुकुल लगाई साँझ कुटपिट गर्दै मट्टितेल छर्केर आगो लगाएका थिए।

३१) १२ अगष्ट २०१२ मा नौ विद्यार्थी संगठनले अंग्रेजी नाम भएका प्लस टु कलेज लाई स्वदेशी नाम राख्नु पर्ने र विदेशी लगानीमा सञ्चालन गरिएका प्लस टु तथा कलेजलाई कानुनी दायरामा ल्याउनु पर्ने माग राख्दै शिक्षण संस्था बन्द गरेको।

३२) १४ अगष्ट २०१२ सिन्धुली जिल्लाको ककुरठाकुर गाविस ८ का ६५ वर्षीय बृद्ध मानबहादुर तामाङले सोही ठाउँका ९ बर्षीय बालिका सानुमाया (नाम परिवर्तित) लाई बलात्कार गरेर फरार भएको। पीडित बालिकाका बाबुआमा दैनिक ज्यालामजदुरीका लागि दाउरा बेच्न कटारी बजार गएको मौका छोपेर निजले पीडितलाई उनकै घरमै डरधम्की दिएर बलात्कार गरी गम्भीर घाइते बनाएका थिए।

३३) १४ अगष्ट २०१२ मा रौतहट जिल्ला अकोलवा ८ निवासी ४६ बर्षीय शेष गफार र उनकी पत्नी ४० बर्षीया सहनाग बेगमको १५/२० जनाको समूहमा आएका हतियारधारीहरुको गोली प्रहारबाट हत्या गरिएको। उक्त घटनामा शेख शयायब र शेख शखिना गम्भिर घाइते भएका थिए।

३४) १४ अगष्ट २०१२ मकवानपुर जिल्लाको राइगाउँ २ बस्ने ७१ बर्षीय ढोलबहादुर राईले स्थानीय १३ बर्षीया बालिकालाई बलात्कार गरेको। भैंसी चराउन गएका बेला चकलेट दिएर फकाएर बलात्कार गरेका थिए।

३५) १५ अगष्ट २०१२ रुपन्देही जिल्ला सिद्धार्थ नगर नगरपालिका वडा नं १० को दोगारी गाँउ निवासी ६० बर्षीय रामलाल मुराउको अज्ञात समूहले घाँटी रेटी हत्या गरेको। मुराउको शव घर देखि केही परको चउरमा फेला परेको थियो।

३६) २४ अगष्ट २०१२ मा पर्साको लालपर्सा १ निवासी अन्दाजी ३५ बर्षीय रामाशंकर मण्डलको गोली हानी हत्या भएको। वीरगन्जको श्रीपुर स्थित कृषि सामाग्री कम्पनीबाट मल लिएर फर्कने क्रममा भारतीय नम्बर प्लेटको कालो पल्सरमा आएका अज्ञात हतियारधारी समूहको गोली प्रहारबाट उनको मृत्यु भएको थियो।

३७) २४ अगष्ट २०१२ मा काभ्रे जिल्ला स्थित कोलाति भुल्भु गाविस २ की ५ बर्षीय बालिकालाई सोही ठाँउ बस्ने ४० बर्षीया चन्द्र बहादुर पहरीले साँझ आँगनमा खेलिरहेको बेला उठाएर बारीमा लगी बलात्कार गरेको थियो।

३८) २६ अगष्ट २०१२ मा भक्तपुर -११ स्थित भेलुखेलमा राजेश देउलाले आफ्नै श्रीमती शोभाको गोली हानी हत्या गरेको। राति १२ बजेको समयमा ओछ्यानमै सुतिरहेको अवस्थामा गोली प्रहार गरी उनको हत्या गरिएको थियो।

३९) २७ अगष्ट २०१२ मा रौतहटको औरैया गाविस - ६ निवासी २५ बर्षीया उमादेवी साहको बलात्कार पछि हत्या गरिएको थियो। औरैया गाविसको सिसौघारीमा निजको शव फेला परेको थियो।

## मानव अधिकार अवस्था

यो ४ महिनाको अवधि नेपालको मानव अधिकार अवस्था पनि सन्तोषजनक रहेन । हिमराइट्सद्वारा अभिलिखित घटनाहरुको विश्लेषण गर्दा यस अवधिभित्र मानव अधिकारको स्थिति तल उल्लेख गरिएको छ ।

(क) महिलाविरुद्ध भएका गम्भीर प्रकृतिका हिंसासात्मक घटनाहरुको निरन्तरता

यस अवधिमा भएका मानव अधिकार उल्लंघनका घटनाहरुमा महिलाविरुद्ध भएका हिंसात्मक घटनाहरुले उल्लेख्य स्थान लिएका छन् । यस अवधिमा पनि बोक्सीको आरोप, दाइजो, बलात्कार जस्ता जघन्य अपराधहरुले निरन्तरता पाएका छन् । यस्ता घटनाका पीडकहरुमाथि तत्काल कानुनी कारबाही गर्न नसक्दा दण्डहिनताले प्रश्रय पाइरहेको छ । यस अवधिमा ७३ वर्षीया वृद्धादेखि ५ वर्षीया बालिकाका साथै सुस्त मनस्थितीमा रहेकी बालिकासमेत बलात्कारका सिकार हुन पुगे भने आफ्नै परिवारका सदस्यहरुबाट वृद्ध महिलाहरुमाथि बोक्सीको आरोपमा कुटपिट तथा यातनाका घटनाहरु भइरहे । अधिकांश घटनाहरुका प्रकृतिको विश्लेषण गर्दा समाजमा क्रुर तथा आपराधिक मनोवृत्तिका घटनाहरुले ठाउँ लिइरहेको पाइएको छ ।

(ख) बालअधिकार
यस अवधिभरि भएका बालअधिकार उल्लंघनका घटनाहरुको विश्लेषण गर्दा विभिन्न राजनीतिक दल तथा तिनका भातृ संस्थाहरु, जातीय संघ संस्था, पेशागत समूह तथा स्वयं शिक्षासँग सम्बन्धित संगठनहरुले आव्हान गरेका अनिश्चितकालिन नेपाल बन्द, क्षेत्र/जिल्ला बन्दको कारणबाट लाखौं बालबालिका शिक्षा पाउने अधिकारबाट बञ्चित हुन पुगे भने विभिन्न मागहरु राखी विद्यालय तथा विद्यालयका भौतिक संरचना तथा यातायातमाथि भएका आक्रमणका घटनाहरुले शिक्षा क्षेत्रमा प्रत्यक्ष हस्तक्षेप गरेको पाइयो । यसबाट नेपाल सरकारले घोषणा गरेको विद्यालय शान्ति क्षेत्रको प्रतिवद्धतामाथि गम्भीर प्रश्न चिन्ह खडा गर्‍यो । यसको अलावा बालबालिकाका हत्या तथा बालिकामाथि हुने यौनजन्य हिंसा तथा बलात्कारका घटनाहरुले पनि यस अङ्गमा प्रमुखता पाएका छन् ।

(ग) बन्द हडताल

जेठ १४ मा नयाँ संविधान जारी गर्नका लागि दवाब दिने तथा संविधानमा आ-आफ्ना अधिकार सुनिश्चित गर्ने, संघीयताको समर्थन तथा विरोधमा पटक पटक गरिएका नेपाल बन्द, क्षेत्र तथा जिल्ला बन्द जस्ता कार्यहरुको नेतृत्व विभिन्न प्रमुख राजनीतिक दलहरु तथा तिनका जातीय, वर्गीय संस्थाहरु र अन्य जातिगत समूहहरुले गरिरहे । जसले गर्दा आम नागरिकको स्वतन्त्रतापूर्वक हिड्डुल गर्ने, व्यापार व्यवसाय गर्न पाउने, शिक्षा प्राप्त गर्नेलगायत्का अधिकारहरु कुण्ठित हुन पुगे । यसको साथै जातिगत आधारमा संघीयता कायम गर्नुपर्ने मागहरु राख्दै विभिन्न समूहहरुले गरेको बन्द हडताल जस्ता क्रियाकलापहरुले आपसी साम्प्रदायिक सद्भावमा नकारात्मक प्रभाव पार्‍यो ।

## हिमराइट्समा अभिलेखित सूचनाहरु

हिमराइट्स लाइफलाइनले जिल्लास्थित कार्यालयहरु तथा सम्पर्क व्यक्तिहरुको माध्यमबाट बालअधिकार, महिला अधिकार तथा मानवअधिकार उल्लंघनका घटनाहरुको अभिलेख राखेको छ। त्यसै गरी विभिन्न संचार माध्यमहरुमा प्रकाशित सूचनाहरुलाई पनि यो मानव अधिकारको अवस्था विश्लेषणको आधार मानिएको छ।

अनुगमनबाट मे, देखि अगष्ट सहित गरी चार महिनाको बीचमा करिब ३१९ वटा मानव अधिकार तथा बाल अधिकार उल्लंघनका घटनाहरु अभिलेखित भएका छन्। जसमा मे महिनामा मा ८७ जुन महिनामा ४५ वटा र जुलाई महिनामा ७१ वटा र अगष्ट महिनामा ५२ मानव अधिकार उल्लंघनसँग सम्बन्धित घटनाहरु भएका छन्। त्यसै गरी मेमा ११ वटा जुनमा १७ वटा जुलाई महिनामा १५ वटा र अगष्ट महिनामा २१ गरी जम्मा ६४ वटा बालअधिकार उल्लघंनका घटनाहरु सूचिकृत गरिएको छ। चार महिनाको अवधिमा मुलुकभरीका लगभग ५४ वटा जिल्लाहरुमा भएका घटनाहरुको आधारमा यो सूचाङ्क तयार पारिएको छ।

तालिका १ : मानव अधिकार उल्लंघनका घटनाहरु

| मानव अधिकार उल्लंघन | मे | जुन | जुलाई | अगष्ट | जम्मा |
|---|---|---|---|---|---|
| हत्या | १४ | १० | १३ | १३ | ५० |
| अज्ञात शव प्राप्त | २ | २ | २ | १ | ७ |
| गोली लागी घाइते - विभिन्न समूहबाट | ०० | ०० | ०० | २ | २ |
| अपहरण | ३ | २ | २ | ३ | १० |
| ज्यान मार्ने धम्की | ३ | ३ | ४ | ४ | १४ |
| कुटपिट / प्रहरीसँग भएको झडपबाट घाइते | ५ | ६ | २२ | ४ | ३७ |
| महिला हत्या/हिंसा | ६ | ६ | ४ | ६ | २२ |
| बोक्सीको आरोपमा यातना (महिला) | ५ | ५ | ६ | ५ | २१ |
| महिला हिंसा - कुटपिट (अन्य कारणबाट) | ६ | ५ | ८ | ४ | २३ |
| यौन दुर्व्यवहार (महिला) | ३ | ४ | ४ | ३ | १४ |
| विष्फोटन | ३ | ०० | ३ | २ | ८ |
| विष्फोटनबाट घाइते | ३१ | ०० | ०० | ०० | ३१ |
| बम विष्फोटनबाट मृत्यु | ५ | ०० | ०० | ०० | ५ |
| बन्द (नेपाल, क्षेत्र, जिल्ला) | १ (३० दिन) | २ | ३ | ५ | ११ |
| चन्दा | ०० | ०० | ०० | ०० | ०० |

| | | | | | |
|---|---|---|---|---|---|
| जम्मा | ८७ | ४५ | ७१ | ५२ | २५५ |

| बाल अधिकार उल्लंघन | मे | जुन | जुलाई | अगष्ट | जम्मा |
|---|---|---|---|---|---|
| हत्या | १ | ६ | ०० | ०० | ७ |
| अपहरण/बेपत्ता | १ | १ | २ | २ | ६ |
| यातना/घाइते/कुटपिट | ३ | २ | २ | ५ | १२ |
| यौन दुर्व्यवहार | ५ | ५ | ६ | ७ | २३ |
| विद्यालय बन्द | १ (३० दिन) | ३ | ५ | ४ | १३ |
| बम विष्फोटनबाट घाइते | ०० | ०० | ०० | ०० | ०० |
| बम बिष्फोटनबाट मृत्यु | ०० | ०० | ०० | ०० | ०० |
| विद्यालयमा बम विष्फोटन | ०० | ०० | ०० | ०० | ०० |
| विद्यालयको भौतिक संरचना माथि आक्रमण | ०० | ०० | ०० | ३ | ३ |
| जम्मा बाल अधिकार | ११ | १७ | १५ | २१ | |
| जम्मा मानव अधिकार + बालअधिकार | ९८ | ६४ | ८६ | ७३ | ३१९ |

*तालिका : २ मानव अधिकार अवस्था - मे*

| क. सं. | मानव अधिकार उल्लंघन | एकिकृत नेकपा माओवादीद्वारा | राजनीतिक दलका भातृ संघ संस्थाहरुद्वारा | प्रमुख राजनीतिक दलहरुद्वारा | सशस्त्र समूह/ अज्ञात समूहद्वारा | सुरक्षाकर्मीद्वारा | अन्य/ सर्वसाधारण द्वारा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | हत्या | | | | ३ | | ११ | १४ |
| २ | हत्या गरिएको अवस्थामा शव प्राप्त | | | | २ | | | २ |
| ४ | कब्जा/अपहरण | | | | ३ | | | ३ |
| ६ | ज्यान मार्ने धम्की, | | | | ३ | | | ३ |
| ७ | कुटपिट | | | | ३ | | २ | ५ |
| ९ | महिला हत्या/हिंसा | | | | ३ | | ३ | ६ |
| १० | बोक्सीको आरोप | | | | | | ५ | ५ |
| ११ | यातना/घाइते/ कुटपिट | | | | | | ६ | ६ |
| १२ | यौन दुर्व्यवहार (महिला) | | | | | | ३ | ३ |
| १३ | बम विष्फोटन | | | | ३ | | | ३ |
| १४ | विष्फोटनबाट घाइते | | | | ३१ | | | ३१ |
| १५ | विष्फोटनबाट मृत्यु | | | | ५ | | | ५ |
| १६ | बन्द (नेपाल, क्षेत्र, जिल्ला र अन्य) | | १ | | | | | १ |
| | **बाल अधिकार** | | | | | | | |
| | हत्या | | | | १ | | | १ |
| ३ | अपहरण/बेपत्ता | | | | १ | | | १ |
| ३ | यातना/घाइते/कुटपिट | | | | ३ | | | ३ |
| ४ | यौन दुर्व्यवहार | | | | | | ५ | ५ |
| ५ | विद्यालय बन्द/आक्रमण | | | | | | १ महिना | १ महिना |
| | **जम्मा** | | | | | | | ९८ |

*तालिका : ३ मानव अधिकार अवस्था - जुन*

| क्र. सं. | मानव अधिकार उल्लंघन | एकिकृत नेकपा माओवादीद्वारा | राजनीतिक दलका भातृ संघ संस्थाहरुद्वारा | प्रमुख राजनीतिक दलहरुद्वारा | सशस्त्र समूह/ अज्ञात समूहद्वारा | सुरक्षाकर्मीद्वारा | अन्य/ सर्वसाधारण द्वारा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | हत्या | | | | ३ | | ७ | १० |
| २ | हत्या गरिएको अवस्थामा शव प्राप्त | | | | २ | | | २ |
| ४ | कब्जा/अपहरण | | | | २ | | | २ |
| ६ | ज्यान मार्ने धम्की, | | | | ३ | | | ३ |
| ७ | कुटपिट | | | | ४ | | २ | ६ |
| ९ | महिला हत्या/हिंसा | | | | ३ | | ३ | ६ |
| १० | बोक्सीको आरोप | | | | | | ५ | ५ |
| ११ | यातना/घाइते/ कुटपिट | | | | | | ५ | ५ |
| १२ | यौन दुर्व्यवहार (महिला) | | | | | | ४ | ४ |
| १३ | बम विष्फोटन | | | | ० | | | ० |
| १४ | विष्फोटनबाट घाइते | | | | ० | | | ० |
| १५ | विष्फोटनबाट मृत्यु | | | | ० | | | ० |
| १६ | बन्द (नेपाल, क्षेत्र, जिल्ला र अन्य) | | १ | १ | | | | २ |
| | **बाल अधिकार** | | | | | | | |
| १ | हत्या | | | | | | ६ | ६ |
| २ | अपहरण/बेपत्ता | | | | | | १ | १ |
| ३ | यातना/घाइते/कुटपिट | | | | २ | | २ | ४ |
| ४ | यौन दुर्व्यवहार | | | | | | ५ | ५ |
| ५ | विद्यालय बन्द/आक्रमण | | | | | | ३ | ३ |
| | जम्मा | | | | | | | ६४ |

*तालिका : ४ मानव अधिकार अवस्था - जुलाई*

| क्रम सं. | मानव अधिकार उल्लंघन | एकिकृत नेकपा माओवादीद्वारा | राजनीतिक दलका भातृ संघ संस्थाहरुद्वारा | प्रमुख राजनीतिक दलहरुद्वारा | सशस्त्र समूह/ अज्ञात समूहद्वारा | सुरक्षाकर्मीद्वारा | अन्य/ सर्वसाधारणद्वारा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | हत्या | | | | ३ | १ | ९ | १३ |
| २ | हत्या गरिएको अवस्थामा शव प्राप्त | | | | २ | | | २ |
| ४ | कब्जा/अपहरण | | | | २ | | | २ |
| ६ | ज्यान मार्ने धम्की, | | | | ३ | | १ | ४ |
| ७ | कुटपिट / गोली लागी घाइते | | | | ३ | १६ | ३ | २२ |
| ९ | महिला हत्या/हिंसा | | | | | | ४ | ४ |
| १० | बोक्सीको आरोप | | | | | | ६ | ६ |
| ११ | यातना/घाइते/ कुटपिट | | | | | | ८ | ८ |
| १२ | यौन दुर्व्यवहार (महिला) | | | | | | ४ | ४ |
| १३ | बम विष्फोटन | | | | २ | | १ | ३ |
| १४ | विष्फोटनबाट घाइते | | | | | | | |
| १५ | विष्फोटनबाट मृत्यु | | | | | | | |
| १६ | बन्द (नेपाल, क्षेत्र, जिल्ला र अन्य) | | २ | | | | १ | ३ |
| | बाल अधिकार | | | | | | | |
| १ | हत्या | | | | | | ० | ० |
| ३ | अपहरण/बेपत्ता | | | | | | २ | २ |
| | बम विष्फोटनबाट घाइते | | | | | | ० | ० |
| ३ | यातना/घाइते/कुटपिट | | | | | | २ | २ |
| ४ | यौन दुर्व्यवहार | | | | | | ६ | ६ |
| ५ | विद्यालय बन्द/ | | | | | | ५ | ५ |
| | जम्मा | | | | | | | ८६ |

## तालिका : ५ मानव अधिकार अवस्था - अगष्ट

| क्रम सं. | मानव अधिकार उल्लंघन | नेकपा - माओवादीद्वारा नेकपा | राजनीतिक दलका भातृ संघ संस्थाहरुद्वारा | प्रमुख राजनीतिक दलहरुद्वारा | सशस्त्र समूह/ अज्ञात समूहद्वारा | सुरक्षाकर्मीद्वारा | अन्य/ सर्वसाधारण द्वारा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | हत्या | | | | ३ | | १० | १३ |
| २ | हत्या गरिएको अवस्थामा शव प्राप्त | | | | १ | | | १ |
| ३ | गोली लागी घाइते | | | | २ | | | २ |
| ४ | कब्जा/अपहरण | | | | ३ | | | ३ |
| ५ | ज्यान मार्ने धम्की, | | | | ४ | | | ४ |
| ६ | कुटपिट | | | | ३ | | १ | ४ |
| ७ | महिला हत्या/हिंसा | | | | २ | | ४ | ६ |
| ८ | बोक्सीको आरोप | | | | | | ५ | ५ |
| ९ | यातना/घाइते/ कुटपिट | | | | | | ४ | ४ |
| १० | यौन दुर्व्यवहार (महिला) | | | | | | ३ | ३ |
| ११ | बम विष्फोटन | | | | २ | | | २ |
| १२ | विष्फोटनबाट घाइते | | | | | | | ० |
| १३ | विष्फोटनबाट मृत्यु | | | | | | | ० |
| १४ | बन्द (नेपाल, क्षेत्र, जिल्ला र अन्य) | | २ | २ | | | १ | ५ |
| | बाल अधिकार | | | | | | | |
| १ | हत्या | | | | | | ० | ० |
| २ | अपहरण/बेपत्ता | | | | २ | | | २ |
| ३ | यातना/घाइते/कुटपिट | | | | २ | | ३ | ५ |
| ४ | यौन दुर्व्यवहार | | | | | | ७ | ७ |
| ५ | विद्यालय बन्द/आक्रमण | | | | | | ४ | ४ |
| ७ | विद्यालयको भौतिक संरचना माथिको आक्रमण | ३ | | | | | | ३ |
| | जम्मा | | | | | | | ७३ |

## निष्कर्ष

चार महिनाको अवधिमा अभिलिखित गरिएका सूचनाहरुको विश्लेषण गर्ने हो भने मानवअधिकार, महिला तथा बालअधिकार उल्लघंनका घटनाहरुमा कमी आएको छैन । अराजकता, अन्धविश्वास तथा पितृसत्तात्मक सोचले महिलाविरुद्ध हुने गरेका क्रुरतम् प्रकृतिका हत्या हिंसा, बलात्कार तथा बोक्सीको आरोपमा गरिने हत्या, यातना जस्ता कार्यहरुले महिलाहरुको बाँच्न पाउने तथा सम्मानजनक ढङ्गबाट बाँच्न पाउने अधिकारहरु कुण्ठित हुन पुगेका छन् । तसर्थ राज्यबाट महिलाविरुद्ध हुने हिंसात्मक घटनाहरुका पीडकहरुलाई कानुनको दायरामा ल्याउनका लागि राज्य तथा सरोकारवाला निकायहरु बढी संवेदनशील भई कार्य गर्ने, पीडितहरुको सुनुवाईको लागि महिलामैत्री वातावरण तयार गर्ने, बोक्सी, छाउपडी जस्ता कुप्रथाहरुको विरुद्धमा जनचेतना अभियानहरु सशक्त ढंगले संचालन गर्ने, मानव बेचबिखन तथा घरेलु हिंसाविरुद्धस्थानीय तहदेखि नै विशेष कानुनी साक्षरता कक्षाहरु संचालन गर्ने जस्ता कदमहरु चाल्नु पर्ने देखिन्छ । यस्को साथै बेवारिसे अवस्थामा छोडिएका विस्फोटक पदार्थहरु तथा यस्ता सामाग्रीहरुको प्रयोगबाट मानवीय तथा भौतिक क्षति हुने क्रम निरन्तर भइरहेको हुनाले यस्ता घटनाहरुलाई सम्वेदनशिल ढंगले सम्बोधन गर्ने तर्फ राज्यको ध्यानजान जरुरी छ ।

सर्वोच्च अदालतका न्यायाधीश रणबहादुर बमको हत्या भएको चार महिना बितिसक्दा पनि सुरक्षा निकायले पीडकहरु पहिचान गरी कानुनको कठघरामा उभ्याउन नसक्नु तथा २०६८ फागुनदेखि हराइरहेकी छोरीमैया महर्जनको यथास्थिति पत्ता लगाउन नसक्नुले राज्यको सुरक्षा निकायमाथिको विश्वसनीयतामाथि प्रश्न चिन्ह खडा गरेको छ । विभिन्न राजनीतिक दलहरुबाट आपराधिक क्रियाकलापमा सम्लग्न समूह तथा व्यक्तिहरुको संरक्षण गर्नुले पनि यस्ता आपराधिक क्रियाकलापहरुले मौलाउने मौका पाइरहेका छन् । तसर्थ बिग्रदै गएका मानव अधिकारको स्थितिलाई सुधार गर्नका लागि आफ्ना समूहभित्रका आपराधिक क्रियाकलाप भित्र संलग्न व्यक्तिहरुलाई कानुनको कठघराभित्र उभ्याउनका लागि सुरक्षा निकायलाई सहयोग गर्ने र सुरक्षा निकायबाट पनि राजनीतिक दलको आवरण ओडेर बसेका त्यस्ता व्यक्तिहरुलाई कानुनको कठघरामा ल्याउनका लागि निडर भई अघि बढ्न जरुरी छ ।

यसैगरी विभिन्न समूह तथा जिम्मेवार राजनीतिक दल तथा तिनका भातृ संघसंस्था गरिने बन्द हडतालको कारण जनताको स्वतन्त्र एवं निर्भयपूर्वक हिडडुल गर्ने अधिकार एवं बालबालिकाको शिक्षाको अधिकारमाथि प्रत्यक्ष असर पर्ने गरेको छ । तसर्थ, वन्द तथा हडताललाई आफ्ना माग पूरा गर्नका लागि दबाब दिने औजारको रुपमा प्रयोग गर्नुको साटो संघर्षका अरु नै रुपहरु अपनाउनका लागि राजनीतिक दलहरु तथा सम्बन्धित सरोकारवालाहरुको ध्यानजान जरुरी छ । यसैगरी राज्यका सम्बन्धित निकायहरुले विभिन्न वर्ग, जातजाति तथा समूहहरुबाट उठाइएका मागहरुलाई यथाशिघ्र उचित ढङ्गबाट सम्बोधन गरी समस्याको निकास खोज्न आवश्यक छ ।

संविधान सभाको दुखद अवसान भएपनि यसले धेरैवटा सवालहरुको टुङ्गो लगाई मस्यौदासमेत तयार गरिसकेको छ । यसैले विवाद मिलिसकेका मुद्दाहरुलाई संस्थागत गर्ने र मिल्न बाँकी रहेका राज्यको पुनर्संरचना, शासकीय स्वरुप र निर्वाचन प्रणाली जस्ता विषयहरुमा कुन प्रक्रियाबाट अगाडि बढ्ने हो त्यसमा सहमति गरेर टुङ्गो लगाउने बाहेक राजनीतिक दलहरुको अगाडि अन्य विकल्प छैन । सहमति नै आजको आवश्यकता हो । सहमतिलाई उपेक्षा गरी पार्टीगत स्वार्थभित्रै अल्मलिएर चोर बाटो खोज्ने हो भने यसले मुलुकमा भिडन्तको स्थिति सिर्जना गर्न सक्छ । । यसैले सहमतिकै माध्यमबाट समस्याको गाँठो फुकाई लम्बिरहेको संक्रमण काललाई यथाशिघ्र छोट्याउन तथा सबैले स्वीकार गर्न सक्ने जनमैत्री संविधान जारी गरी मुलुकलाई स्थायी निकास दिनका लागि इमान्दारीका साथ लाग्न हिमराइट्स सम्बन्धित सबैसँग हार्दिक आग्रह गर्दछ ।

**मानव अधिकार संरक्षण र प्रवर्द्धनका लागि प्रतिबद्ध !!!!**

हिमालयन ह्युमन राइट्स मोनिटर्स (हिमराइट्स)
पुल्चोक, ललितपुर
फोन : ५५५५१११, फ्याक्स : ५५५४८८०
इमेल : himrights@wlink.com.np
वेवसाइट : www.himrights.org